# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
२ नं. प्रदेश, नेपाल
स्थापना २०७३

प.सः ०७५।०७६
च.नः ११६५

मिति २०७६।०३।०६

श्री वडा कार्यालयहरु,
सवै, ढल्केवर, धनुषा ।

मिथिला नगरपालिका नगर कार्यपालिकाको कार्यालय ढल्केवर, धनुषा (जिल्ला) २ नं. प्रदेश, नेपाल

बिषय : घटना दर्ता कितावमा रहेका बिवरण उपलव्ध गराउने वारे पुनः ताकेता ।

उपरोक्त बिषयमा राष्ट्रिय परिचयपत्र तथा पन्जीकरण विभाग, बवरमहल, काठमाण्डौको प.स.०७५।०७६ च.न. ४१५ मिति २०७५।१२।३ को प्राप्त पत्रानुसार विभागले व्यक्तिगत घटना दर्ता कितावमा रहेका व्यक्तिगत घटना दर्ताका बिवरणहरु ईन्ट्रि तथा स्क्यानिङ्ग गर्नको लागि अनलाईन / अफलाईन एप्लिकेसन तयार गरेकोछ । उक्त एप्लिकेसन प्रयोग गरी घटना दर्ताका दर्ता किताव डिजिटाईज गर्न गाउंपालिका / नगरपालिकाहरुले यसै साथ संलग्न विधि अनुसार दर्ता किताव प्रमाणिकरण फारम भरी अनिवार्य रुपमा यस कार्यालयमा पठाउन हुन अनुरोध छ । साथै डिजिटाईज गर्न ईच्छुक स्थानीय तहलाई अभिलेख प्राप्त भए पश्चात घटना दर्ता प्रणालीको Username र Password उपलव्ध गराई उक्त कार्यमा सहजीकरण गरिने व्यहोरा समेत अनुरोध छ । भन्ने व्यहोराको २०७५।१२।३ को पत्र मिति २०७५।१२।११ गतेमा सबै सम्बन्धीत ११ वटै वडा कार्यालयहरुमा पत्र पठाई सकेको हुदा केही वडा कार्यालयहरु बाट उक्त बिवरण हाल सम्म पनि प्राप्त हुन नआएकोले श्री राष्ट्रिय परिचयपत्र तथा पन्जीकरण विभाग,बवरमहल, काठमाण्डौमा बिवरण पठाउन ढिलाई भै सकेकोले यो पत्रको मितले ७ (सात) दिन भित्र अनिवार्य रुपमा मांग भए बमोजिमको फारम र बिधि अनुसार बिवरण भरी पठाउनु होला, अन्यथा वडा कार्यालय स्वंय जिम्मेवार हुने व्यहोरा अनुरोध गरिन्छ ।

बोधार्थ
श्री राष्ट्रिय परिचयपत्र तथा पन्जीकरण विभाग,
बवरमहल, काठमाण्डौ ।

७६।३।५

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत